# विगु गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम

मितिः- २०७८/०३/१०

श्री विगु गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

लादुक, दोलखा।

**आदरणीय सभाका अध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

१. विगु गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने सन्दर्भमा यस गरिमामय सभामा उपस्थित हुनु हुने सभाका सभाध्यक्ष तथा विगु गाउँपालिकाका आदरणीय अध्यक्ष युधिष्ठिर खड्काज्यू तथा यस महत्वपूर्ण कार्यक्रममा उपस्थित भई विगु गाउँपालिकाको समग्र विकासमा अहोरात्र चिन्तित सम्पूर्ण गाउँ सभाका सदस्यज्यूहरु, यहाँहरु सबैलाई म विगु गाउँपालिकाको उपाध्यक्षको तर्फबाट हार्दिक नमस्कार तथा अभिबादन गर्दछु।

२. यस अवसरमा म सर्वप्रथम संघीय गणतन्त्र नेपाल, दोलखा जिल्ला र विगु गाउँपालिकाको तर्फबाट संघीय गणतान्त्रिक नेपालको नयाँ भाग्य कोर्ने क्रममा आफ्नो ज्यानको आहुति दिने सबै ज्ञात अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

३. विगु गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा नेपाल सरकारको नीति तथा कार्यक्रम, बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रम, पन्ध्रौं योजनाका योजनाका लक्ष्यहरु, नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु समेतलाई आधार मानी यो नीति तथा कार्यक्रम तर्जुमा गरिएको व्यहोरा यस गरिमामय सभालाई अवगत गराउन चाहन्छु।

४. कोभिड-१९ महामारीको दोस्रो लहर फैलिरहेको वर्तमान परिस्थितिमा हाम्रा कतिपय प्रतिबद्धताहरु समयमा पूरा हुन नसकेकोप्रति हामी जानकार छौं। कोभिड-१९ को महामारीबाट यसै दोलखा जिल्लाका समादरणीय नेता, हामी सबैका अभिभावक तथा बागमती प्रदेश सभा सदस्य माननीय पशुपति चौलागाई लगायतका केही महत्वपूर्ण व्यक्तित्वलाई समेत हामीले गुमायौं। कोभिड-१९ बाट दिवङ्गत हुनेप्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दै शोक सन्तप्त परिवारको धैर्यधारण गर्ने शक्ति बढोस भनी प्रार्थाना गर्दछु। कोभिडबाट पीडितहरुको उपचार तथा कोभिड रोकथामको लागि चालु आर्थिक वर्षमा जस्तै आगामी आर्थिक वर्षमा समेत विशेष पहल लिने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु।

**सभाका अध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्षसम्म विगु गाउँपालिकामा भएका उल्लेख्य कार्यहरुको समीक्षात्मक सूची पेश गर्न चाहन्छु।

५. नेपालको संविधान अनुसार संघ, प्रदेश र स्थानीय तहहरुको व्यवस्था भए पश्चात स्थापित यस विगु गाउँपालिकामा गाउँपालिकाको भवन स्थापनार्थ लादुकमा भवन निर्माण भइरहेको र निकट भविष्यमा गाउँपालिका कार्यालय उक्त स्थानमा सर्ने विषय यहाँहरुलाई जानकारी गराउन चाहन्छु।स्थापना कालमा आफ्नो भवनमा गाउँपालिका कार्यालय सञ्चालन गर्न अनुमती दिने लादुक आदर्श पर्यटन विकास सहकारी संस्थालाई यस अवसरमा सधन्यबाद स्मरण गर्न चाहान्छु।

६. गाउँपालिकामा हाल ३ वटा एम्बुलेन्स सञ्चालनमा रहेको यहाँहरु सबैलाई विदितै छ। एम्बुलेन्स व्यवस्थापनमा उल्लेख्य सहयोग गर्ने अपर तामाकोशी हाइड्रोपावर कम्पनी, माननीय जीप छिरिङ लामा र भारतीय दूताबास समेतलाई यस अवसरमा सधन्यबाद स्मरण गर्न चाहान्छु।

७. शुरुवाती दिनहरुमा कुनै पनि निर्माणसम्बन्धी साधनहरु नभएको अवस्थामा गाउँपालिकाले आफ्नै खर्चमा एक्साभेटर, व्याकह्यु लोडर, टिप्पर, बोलेरो र स्कर्पियो खरिद गरी विकास निर्माणको काममा आजको दिनससम्म निरन्तर प्रयोग भईरहेको जानकारी गराउन चाहान्छु।

८. सडक पूर्वाधारको सन्दर्भमा चर्चा गर्नुपर्दा वडा नं १ को ठाडी जाने ट्र्याक निर्माण भएको छ भने सोही वडाको स्यालु मोटरबाटो समेत कार्यान्वयनमा रहेको छ। वडा नं २ को ट्र्याक निर्माण जगतदेखि ओराङसम्म करीब सम्पन्न हुन लागेको छ भने यार्साबाट ठाडोखोला मन्दिरसम्मको बाटो निर्माण भएको छ। ओराङमा अरु सानातिना सडकहरु समेत सम्पन्न भएका छन्। वडा नं ३ को जामुने भीरमुनि सडक निर्माण भएको छ; बाहुनगाउँसम्म सडक पुगेको अवस्था छ भने लेखटोल भुसुनेसम्मको बाटो पनि बनेको छ। साथै मङ्लाशा सडक र बुलुङखानी सम्मको सडक केही स्तरउन्नति भएको छ। वडा नं ४ को गुजिपा, लोङठोङ, झोरुङ, लिङ्वा, सोइसाङ्, च्यासर्पा, गुम्बाडाँडा, कर्कलेधारा, ताइलाङ, सोइसाङ बाटो नयाँ बनेको छ। सोही वडाको बुलुङ्सी, आरुबोटे, सोइसाङ बाटो नयाँ निर्माण भई रिङरोडको रुप लिएको छ। वडा नं ५ को च्यासर्पा, ढाक्रेबोट फेल्दर, फेल्दर बुलुक्पा, लोटिङ साङवा बाटो निर्माण तथा सोरुङ ढाक्रेबोट बाटो ५.५ कि.मी. स्तर उन्नति भएको छ। स्याखुबाट ढुंगाखानी जाने बाटो निर्माण भएको छ भने त्यसबाट स्याखुको जनतालाई गाडीबाट ढुंगा ल्याउन सहज भई आर्थिक टेवा पुगेको छ। वडा नं ६ को अमन्थली, आलम्पु, गौंथली, ओडार, पेगु, साङ्वा, आलम्पु खोलाघारी मुख्य बाटो फराकिलो बनाउने कार्य समेत भएको छ। आलम्पु, ख्यार्ताल, आलम्पु, ढुंगाखानी जाने बाटो सम्पन्न भई हिजो ढुंगाखानीमा काम नलाग्ने ढुंगा समेत निकासी भई वडाको आम्दानी भएको तथा पालिकालाई समेत सीमित मात्रामा भए पनि आन्तरिक स्रोत जुटेको अवस्था छ। वडा नं ७ को पुरानो बाटो फराकिलो बनाउने काम र ठिङसाङसम्म मर्मत सुधार गरिएको छ। वडा नं ८ को पुरानो बाटो फराकिलो पार्ने काम सम्पन्न भएको छ भने थामीचागु जाने बाटो समेत फराकिलो पार्ने काम सम्पन्न भएको छ। सोरुङबाट चागु, छोइताङ जानको लागि घुमाउरो बाटोलाई जमुना प्रा.वि. बाट खोपाको छोटो बाटो बनेको छ।

९. वर्षातको समयमा पनि आवतजावत सहजीकरण गर्न सिंगटी सोरुङ खण्डको झोरुङ् खोलामा RCC मोटरेवल पुल सिंगटी हाइड्रोपावरसँगको साझेदारीमा निर्माण भईरहेको छ।

१०. वडा कार्यालय निर्माणको चर्चा गर्नुपर्दा वडा नं ८ को हकमा भवन निर्माणस्थलको सम्बन्धमा केही विवाद रहेकोले विवादको निरुपण भए लगत्तै निर्माण कार्य शुरु हुनेछ। अन्य वडाहरुको हकमा भवन निर्माण कार्य भईरहेको विदितै छ। वडा कार्यालय र गाउँपालिका भवनबाहेक स्वास्थ्य चौकी र विद्यालय भवनहरु समेत करीब करीब पूरा हुने अवस्थामा छन्।

११. वडा नं १ देखि ४ सम्म राष्ट्रिय प्रसारण लाईन रहेको तर ५ देखि ८ सम्म केही ठाउँमा लघविद्युत र अधिकांश स्थानमा सोलार बत्ती रहेकोमा हाम्रो पहलमा करीब सबै वडामा राष्ट्रिय

प्रसारण लाईन जोडिएको छ। पहिलेको काठको सानो पोललाई बिस्थापन गरी फलामे पोल र सानो क्षमताको ट्रान्सफर्मरलाई चेन्ज गरी ठूलो क्षमताको जडान गरिएको छ।

१२. सिंगटी सब-स्टेशनमा समेत ठूलो क्षमताको ट्रान्सफर्मर जडान गरिएको छ। सिंगटी बजारलाई हिलो र धूलोरहित बनाउन बजार एरिया कालोपत्रे गरिएको छ। सिंगटी बजार सफा र सुरक्षित गर्न तटबन्धनको कार्य भैरहेको छ। खेल मैदान पछाडीको भागमा फिलिङ गरी हेलिप्याड निर्माण भएको छ।

१३. शिक्षाको क्षेत्रमा उल्लेखनीय विकास भएको छ। खासगरी प्राविधिक शिक्षाको लागि अन्यत्र जानुपर्ने परिस्थितिलाई न्यूनीकरण गर्न गाउँपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदसँगको साझेदारीमा डिप्लोमा इन सिभिल ईन्जिनियरको कक्षा सञ्चालन भईरहेको छ।

१४. स्वास्थ्य तर्फ विभिन्न स्वास्थ्य चौकीहरुमा आवश्यक औषधी र जनशक्ति व्यवस्थापन गर्नुको साथै सिंगटीमा गाउँपालिकाको आफ्नै बजेटमा शुरुमा कोरोना अस्पतालको रुपमा स्थापना भई हाल सिंगटी अस्पतालको रुपमा सञ्चालनमा आएको MBBS डाक्टरसहितको अस्पताल सेवा सञ्चालनमा छ।

१५. कोभिड व्यवस्थापन अन्तर्गत माईथानमा ५० बेड क्षमताको क्वारेन्टाईन सञ्चालनमा रहेको र आवश्यकता अनुसार वडास्तरमा क्वारेन्टाइन समितिहरु गठन गरी online बाट समेत समितिको काम कारबाहीमा समन्वय हुने गरी क्वारेन्टाइन र आईसोलेसन कक्षहरु सञ्चालनमा आएका छन्।

१६. मित्रराष्ट्र चीनको टिङग्री जिल्लाबाट स्वास्थ्य सामाग्री, खाद्य सामग्री तथा टेन्टहरु प्राप्त गरी गाउँपालिकामा वितरण गर्ने, भण्डारण गर्ने र आवश्यकता अनुसार जिल्लामा समेत केही टेन्टहरु पठाईएको अवस्था छ।

१७. खानेपानीको सन्दर्भमा वडा नं २, ३ र ४ को जनसमुदाय लाभान्वित हुने गरी डडुवाखोला खानेपानीको ठेक्का लागि काम शुरु भएको छ भने आगामी आ.व. भित्र गाउँपालिकाको बृहत खानेपानी योजनाको काम सम्पन्न हुनेछ।

१८. कृषितर्फ आलु पकेट क्षेत्र, बेसार पकेट क्षेत्र, किवि पकेट क्षेत्रका कार्यक्रमहरु सञ्चालित छन भने विभिन्न फलफुलका विरुवा, धानको बीउ वितरण, कृषि संकलन केन्द्रको स्थापना, अर्ग्यानिक खेती प्रणाली, माटो परीक्षण कार्य शुरु भएको छ भने बहुप्रतिक्षित हाते ट्याक्टर वितरण कार्यक्रम प्राविधिक कारणले चालु आ.व. मा सम्पन्न हुन नसकेको भए तापनि आगामी आ.व. मा यसलाई पुःन सञ्चालनमा ल्याइनेछ। कृषि अधिकृतको नेतृत्वमा कृषि शाखामा कर्मचारी करारबाट पुर्ति भएकोले काममा विलम्ब नहुने अवस्था छ।

१९. गाउँपालिकाको हरेक कामलाई विधिसम्मत बनाउने प्रयोजनको लागि आवश्यक कानूनहरु बनाईएको छ भने आगामी दिनमा समेत कानून निर्माणको पक्षलाई निरन्तरता दिईनेछ।

**सभाका अध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

अब म विगु गाउँपालिकाको आ.व. २०७८/७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

२०. **स्व-अनुशासन, स्वास्थ्य मापदण्ड र ईमान्दारी, कोभिड-१९ को नियन्त्रण, हामी सबैको जिम्मेवारी** भन्ने मूल नाराको साथ विगु गाउँपालिकामा कोभिड-१९ को रोकथाम, उपचार र आवश्यक सतर्कता तथा उद्दारको लागि कोभिड कोषको व्यवस्था गरिनेछ।

२१. राज्यद्वारा निःशुल्क प्रदान गरिने औषधीहरुबाहेक थप औषधी तथा स्वास्थ्य सामग्री वितरण गर्नको लागि पालिकास्तरबाट आवश्यक बजेट विनियोजन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

२२. कोभिड-१९ विरुद्धको खोप प्रत्येक नागरिकलाई प्रदान गर्नको लागि केन्द्र र प्रदेशसँग आवश्यक समन्वय गरी खोप खरिद वा प्राप्त गर्ने कार्यलाई प्राथमिकताको साथ अघि बढाईनेछ।

२३. शुरुमा कोभिड अस्पतालको रुपमा स्थापना भई हाल सिंगटी अस्पतालको रुपमा सञ्चालन भईरहेको अस्पताललाई निरन्तरता दिईनेछ भने संघीय बजेटबाट सञ्चालन हुने १० बेडको अस्पताल स्थापनाको लागि उपयुक्त स्थानको खोजी गरी यसै आ.व. भित्र सञ्चालन गरिनेछ।

२४. कोभिड-१९ को कारणले मृत्यु भएकाहरुको परिवारलाई गाउँपालिकाबाट प्रदान गरिने राहत तथा खाद्य सामग्रीमा विशेष प्राथमिकता दिईनेछ।

२५. एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन हाल गाउँपालिकाबाट सञ्चालन भईरहेको दुईवटा एम्बुलेन्स र बुलुङ्ग स्वास्थ्य चौकी अन्तर्गतको एम्बुलेन्सलाई थप चुस्त व्यवस्थापन गरिनेछ। गरीबीको कारणले भाडा तिर्न नसक्नेहरुका लागि आगामी आर्थिक वर्षमा समेत एम्बुलेन्स भाडा छुट दिने प्रणालीलाई निरन्तरता दिइनेछ।

२६. प्राकृतिक प्रकोपमा परेकाहरुको खोजी र उद्दार गर्नको लागि स्थानीय प्रहरीसँगको सहकार्यमा स्वयंसेवी युवाहरुलाई तालिम दिईनेछ। आवश्यक सामग्री खरिदको कार्य अविलम्ब गरिनेछ।

२७. **नियमित मर्मत सम्भार, दीगो सडकको आधार** भन्ने नाराको साथ सडक सरसफाइको लागि गाउँपालिकाको मेशिनहरु प्रयोगमा ल्याइनेछ भने आवश्यकता अनुसार अन्य मेशिनहरुको प्रयोग गरी सडक सरसफाईको कामलाई निरन्तरता दिइनेछ।

२८. सिंगटी बजार क्षेत्रलाई थप मर्यादित र स्वच्छ राख्नको लागि **नगर प्रहरी**को व्यवस्था गरी आवश्यक कामहरु गरिनेछ। सडकमा सोलार बत्ती जडान गर्ने कार्यलाई प्राथमिकता दिईनेछ।

२९. **कृषिमा आधुनिक प्रविधिको प्रयोग, हलो छाडी हाते टयाक्टरको उपयोग** भन्ने नाराको साथ बहुप्रतिक्षित अध्यक्ष कृषि आधुनिकीकरण, हाते टयाक्टर वितरण आयोजनामा पर्याप्त बजेट विनियोजन गरी आगामी आ.व. को पहिलो चौमासिकभित्र कार्यक्रम सम्पन्न हुने गरी वितरणको व्यवस्था मिलाइनेछ।

३०. **बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग** भन्ने सोचको साथ बाँझो जग्गामा खेतिको लागि प्रोत्साहन गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३१. सामुहिक खेती प्रणालीलाई प्रोत्साहन गर्दै समूहमा फलफुल तथा तरकारी खेती तथा सामूहिक रुपमा विभिन्न किसिमका कृषि उत्पादनलाई बढावा दिने कार्यक्रम ल्याइनेछ।

३२. दूध उत्पादन गर्ने कृषकहरुलाई प्रोत्साहन गर्न **प्रतिफलमा आधारित प्रोत्साहन प्रणाली** अवलम्बन गर्दै वित्तीय संस्थामार्फत दूध उत्पादक किसानहरुलाई रकम उपलब्ध गराईनेछ।

३३. प्राङ्गारिक मल उत्पादन, प्राङ्गारिक खेती र सोको उपयोग गर्न तथा उत्पादनको बजारीकरणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

३४. जडिबुटीको सम्भाव्यताको अध्ययन गरी बजार समेत सुनिश्चित गरी जडिबुटीको विकास र त्यसबाट रोजगारी सिर्जना गर्ने कार्यलाई विशेष जोड दिइनेछ।

३५. **हाम्रो प्रतिबद्धता, शिक्षामा सीप र दक्षता** भन्ने नाराको साथ CTEVT सँगको साझेदारीमा स्थापना भएको विगु बहुप्राविधिक शिक्षालयको भवन निर्माण हालको कृषि तथा पशु शाखाको स्वामित्वमा रहेको जग्गामा आगामी आर्थिक वर्षभित्र गरिनेछ।

३६. गाउँपालिकाभित्र दरबन्दी नभएका माध्यामिक विद्यालयहरुमा गाउँपालिकाबाट दरबन्दी सिर्जना गरी राखिएका शिक्षकहरुलाई निजहरुको कार्य सम्पादन हेरी निरन्तरता दिईनेछ।

३७. विद्यालयको शैक्षिक विकासमा जोड दिएर परिणाम ल्याउने गरी काम गर्ने प्रधानाध्यापकहरुलाई गाउँपालिकाको तर्फबाट विशेष पुरस्कारको व्यवस्था गरिनेछ।

३८. कोभिड-१९ बाट तहसनहस भएको शैक्षिक सत्र र शिक्षा प्रणालीलाई पुनः साविकको अवस्थामा ल्याउन वैकल्पिक उपायहरुको खोजी गरी सबै सरोकारवालाहरुको सल्लाहमा आवश्यक शैक्षिक सुधारका कार्यहरु गरिनेछ।

३९. शिक्षाको गूणस्तर बृद्धि गर्नको लागि शिक्षकलाई आवश्यक तालिमको व्यवस्था गरिनेछ।

४०. गरीब तथा जेहेन्दार छात्र छात्राको लागि उच्च शिक्षा अध्ययन गर्न आ.व. २०७८/७९ देखि लागु हुने गरी **गरीब तथा जेहेन्दार उच्च शिक्षा छात्रबृत्ति कार्यक्रम** लागु गरिनेछ।

४१. बालविकास केन्द्रमा कार्यरत सहायक कार्यकर्ताहरुको तलवमा शत प्रतिशत बृद्दि गर्नुका साथै बालविकास केन्द्रहरुलाई थप व्यवस्थित गरिनेछ।

४२. गाउँपालिकाभित्र खेलकुदको विकास गर्न विभिन्न खेलमा प्रशिक्षण दिने तथा खेलकुद सामग्री वितरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

४३. खोलिखिमस्थित खेलकुद मैदानलाई थप व्यवस्थित गरी वैकल्पिक रंगशालाको रुपमा विकास गरिनेछ।

४४. खेलकुदमा विशिष्ट क्षमता देखाउन सफल खेलाडीहरुलाई खेल क्षेत्रको माध्यमबाट भविष्य सुनिश्चित गर्न गाउँपालिकाबाट विशेष प्याकेजहरु उपलब्ध गराइनेछ।

४५. बाबुआमा विहीन तथा अपांग बालबालिकाहरुको लागि सामाजिक सुरक्षाको व्यवस्था गरिनेछ। बालविवाहलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ।

४६. महिला हिंसाका घटनाहरु कम गराउनको लागि निरोधात्मक तथा उपचारात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

४७. ज्येष्ठ नागरिकको लागि औषधी वितरण तथा जेष्ठ नागरिक पार्क सञ्चालन गरिनेछ। लक्षित वर्गका लागि नव प्रवर्द्धनात्मक कार्यक्रमहरु ल्याइनेछ।

४८. लादुक दूर्घटनामा मृत्यु भएकाहरुको सम्झनामा दूर्घटनास्थल नजिकै स्मृति स्तम्भ (Memory Statue) खडा गरिनेछ।

४९. विगु गाउँपालिकाभरि खाने पानीको समस्या समाधान गर्न बृहत खाने पानी आयोजना सञ्चालन गरिनेछ। खानेपानीको लागि पाइप वितरण गर्ने कार्यलाई थप प्रभावकारी बनाईनेछ।

५०. लामाबगर, गोंगर देखि सिंगटी हुँदै विगु गुम्बासम्म जाने तथा सिंगटीबाट लादुकस्थित गाउँपालिका कार्यालयसम्म जाने **सार्वजनिक परिवहनको सम्भाव्यता अध्ययन** तथा सञ्चालन गर्न अविलम्व प्रयास गरिनेछ।

५१. गाउँपालिकाको गौरवका आयोजनाहरु समयमा सम्पन्न गरी त्यसको उपयोग गर्न सबै सरोकारवाला पक्षसँग आवश्यक समन्वय र सहकार्य गरिनेछ।

५२. **हात हातमा नेट, सूचना प्रविधिलाई बजेट** भन्ने नाराको साथ विगु गाउँपालिकाभित्रका ८ वटै वडालाई इन्टरनेट सञ्जालद्वारा जोड्ने काम यसै आर्थिक वर्षदेखि शुरु भइसेकेकोमा आगामी आ.व. भित्र यसलाई सम्पन्न गरिनेछ।

५३. **मेरो पैसा, मेरै खातामा** भन्ने नाराको साथ सामाजिक सुरक्षालाई बैंक खातामार्फत भुक्तानी दिन सम्पूर्ण लाभग्राहीहरुको खाता खोल्ने काम शुरु भईसकेको छ भने आगामी आ.व. को पहिलो चौमासिकको निकासा बैंकमार्फत दिइनेछ। विविध कारणले बैंकसम्म आउन नसक्ने लाभग्राहीहरुको लागि वैकल्पिक व्यवस्था गरिनेछ।

५४. कर्मचारीहरुलाई सूचनाप्रविधिमैत्री बनाउन आवश्यक तालिमको व्यवस्था गरिनेछ। पञ्जिकरणको कामलाई थप सरलीकृत गर्न सबै वडा सचिवहरुलाई तालिम दिइनेछ।

५५. **अव रोकौं बन विनाश, गरौं हरियालीसहितको विकास** भन्ने नारासहित डढेलो रोक्नको लागि जनचेतनामूलक कार्यक्रम गरिनेछ भने डडेलो लगाउनेहरुलाई कानूनको कठघरामा उभ्याउन स्थानीय प्रहरीसँग सहकार्य गरिनेछ।

५६. वातावरणीय परिवर्तन, बाढी पहिरोको जोखिम, सुख्खा पहिरो नियन्त्रण गर्न निरोधात्मक, प्रबर्द्धनात्मक र उपचारात्मक उपायहरुको अवलम्बन गरिनेछ।

५७. **विगु गाउँपालिकाको योजना, विपद् जोखिम न्यूनिकरणको लागि पूर्व सूचना** भन्ने सोचका साथ सिंगटी बजार तथा अन्य जोखिमयुक्त क्षेत्रलाई सम्भावित बाढी र पहिरोको जोखिमबाट बचाउन आवश्यक मानवीय र प्राविधिक संयन्त्रको विकास गरी **विपद् जोखिम न्यूनीकरणको लागि पूर्व सूचना प्रणाली** स्थापना गरिनेछ।

५८. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अझै नतिजामुखि बनाउन योजनामा विविधिकरण गरिनेछ। कामको विश्वसनीयता र गूणस्तरमा अभिभृद्धि गरिनेछ।

५९. लघुउद्यम कार्यक्रमलाई थप प्रभावकारी बनाउन कोभिडको कारणले स्थगित कार्यक्रमलाई निरन्तरता दिईनेछ भने नयाँ उद्यमी सिर्जनामा विशेष जोड दिइनेछ।

६०. **घुम्न जाउँ विगु गाउँ, आनी पढ्ने एउटै ठाउँ** भन्ने नाराको साथ पर्यटकीय सम्भावनाको केन्द्रको रुपमा विगु गुम्बालाई प्रवर्द्धन गर्न विगु महोत्सवको आयोजना गरिनेछ। विगु गुम्बाभित्र बुद्ध धर्मसम्बन्धी नमूना पुस्तकालय स्थापना गरिनेछ।

६१. हिमालपारीको स्वर्गको रुपमा रहेको लप्ची क्षेत्रको सर्वाङ्गीण विकास गर्न **एकीकृत लप्ची क्षेत्र विकास कार्यक्रम** सञ्चालन गरिनेछ। उक्त कार्यक्रम अन्तर्गत सो क्षेत्रमा आवश्यक बाटो, गुम्बा प्रवर्द्धन, बत्ती, टेलिफोन र प्रचार प्रसारमा खर्च गरिनेछ।

६२. थामी जातीको संस्कृति संरक्षणमा विशेष जोड दिइनेछ भने शेर्पा, तामाङ, गुरुङ लगायत अन्य जातजातीको भेषभुषा, पोशाक, आदि संरक्षण गर्न आलम्पुमा एक संग्रहालय स्थापना गरिनेछ। चाडपर्वहरुलाई सामूहिक रुपमा मनाउने अभ्यासको थालनी गरिनेछ।

६३. सिंगटी बजार एरियामा नक्सापास प्रक्रियालाई अविलम्ब अगाडी बढाइनेछ भने निर्माण भई मापदण्ड नपुगेका भवनहरुको अभिलेखीकरण गरिनेछ तथा मापदण्ड पुगेकालाई नक्सापास प्रक्रियामा ल्याइनेछ।

६४. गाउँपालिकाको सहरोन्मुख क्षेत्रमा व्यावसाय दर्ता तथा नवीकरणको थालनी गरिनेछ। बजार अनुगमनलाई उच्च प्राथमिकताको साथ अघि बढाइनेछ।

६५. विगु गाउँपालिकाभित्र स्थापना भएका वा विगु गागँपालिका समेत प्रभावित हुने गरी अन्य क्षेत्रमा सञ्चालन हुने जलविद्युत आयोजनाहरुलाई गाउँपालिकाको विकाससँग साझेदारी गर्न आवश्यक योजना पेश गर्न लगाइनेछ।

६६. कला र साहित्यको विकास गर्न विभिन्न प्रतियोगितात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ। उत्कृष्ट कवि तथा कलाकारलाई सम्मान गरिनेछ।

६७. पूर्वाधार निर्माणमा जोखिम न्यूनीकरणलाई विशेष महत्व दिइनेछ। दीगो र भरपर्दो विकासको अभ्यासलाई थप प्रभावकारी बनाइनेछ।

६८. कर्मचारीको अभावलाई सम्बोधन गर्ने गरी कर्मचारीहरुको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M Survey) गरिनेछ।

६९. गैरसरकारी संस्थाहरुसँगको सहकार्यलाई थप प्रभावकारी बनाइनेछ। न्यायिक समितिका कार्यहरुको अभिलेखीकरणमा जोड दिईनेछ।

७०. गरीब घर परिवार पहिचान कार्यक्रमलाई निरन्तरता दिई विगु गाउँपालिकाभित्रका वास्तविक गरीब जनताहरुको लागि परिचयपत्र वितरण प्रदान गरी परिचयपत्रको आधारमा थप कार्यक्रमहरु ल्याईनेछ।

७१. विगु गुम्बामा पूर्वाधारसहितको आवासीय विद्यालय सञ्चालन गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ।

७२. Mountaineering School, Climbing Institute सञ्चालन गर्नको लागि Aaama Bhumare, Chherpa Bhumare हिमाल आरोहणको शुरुवात गरिनेछ।

७३. लप्ची सडक निर्माणको लागि विभिन्न निजी क्षेत्रसँग समन्वय गरी साझेदारी मोडेलमा सडक निर्माण गर्ने प्रक्रिया अगाडी बढाईनेछ।

**सभाका अध्यक्षज्यू तथा गाउँ सभाका सदस्यज्यूहरु,**

अन्त्यमा म यस नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग, सल्लाह र परामर्श उपलब्ध गराउनुहुने सम्पूर्ण गाउँ सभा सदस्यज्यूहरु, वडाध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, कर्मचारीवर्ग र सम्पूर्ण विकासप्रेमी महानुभावहारुलाई हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु।

**धन्यबाद! नमस्कार!! जय विगु!!!**

श्री सञ्जिव ओली
उपाध्यक्ष